# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय

## सवारी साधन (बस, मिनिबस तथा ट्रक) भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।०६।२८

**दोस्रो पटक प्रकाशित मिति : २०७६।०७।१८**

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्य क्षेत्र अन्तगर्तका नोटकोष/भा.रु.कोष रहेका बैंक शाखाहरु, नेपाल राष्ट्र बैंकका बिभिन्न विभाग र अन्य कार्यालयहरुमा गरिने तोडाचलान **(Fund Transfer)** कार्यको लागि आवश्यक परेका बखत बस/ट्रक भाडामा लिनुपर्ने भएकोले सवारी साधन (बस, मिनिबस तथा ट्रक) भाडामा दिन इच्छुक सरकारी वा गैरसरकारी संस्थाहरुको कालोसूचीमा नपरेका बस व्यवसायी व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ९ औं दिन (मिति २०७६/०७/२६ ) सम्म (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउंसो ११:०० बजे भित्र यस बैंकको सिद्धार्थनगर कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१०००।०० (अक्षरेपी एक हजार मात्र) तिरेर खरिद गर्न सकिने छ ।

२. दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ९औं दिन (मिति २०७६/०७/२६) सम्म (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउंसो १२:०० बजे भित्र यस बैंकको सिद्धार्थनगर कार्यालयमा सिलवन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ । यस कार्यालयवाट खरिद गरेको, आधिकारिक दस्तखत र छाप भएको फारममा सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

३. दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ९ औं दिन (मिति २०७६/०७/२६) (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) **दिउंसो १२:३०** बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. दरभाउपत्र पेश गर्नेले दरभाउपत्र साथ PAN/VAT दर्ता प्रमाणपत्र, यातायात व्यवस्था विभाग लगायतका सम्बन्धित निकायहरुमा दर्ता तथा नवीकरण भएका प्रमाणपत्र लगायत अन्य प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

५. दरभाउपत्र साथ विडवण्ड वापत **रु.३३,७००।०० (अक्षरेपी तेत्तिस हजार सात सय मात्र)** यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (१९०९९९/०११/००२/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले पचहत्तर दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

६. दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

७. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालय, आन्तरिक प्रशासन फांट (फोन नं.०७१–५२०१८८ वा ५२०२६८) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय

Y:\ADMIN\Bus Tendar\Bus Tender 076-77\8 Bus Notice for Newspaper.doc